जकर घरमे चर्पी नै, ओकर घरमे शादी नै ।

# आ.ब. २०६९/०७० को बार्षिक प्रगती प्रतिवेदन
# तथा
# आ.ब. २०७०/०७१ को बार्षिक कार्यक्रम


सबल नेपाल

**SABAL NEPAL**

राजबिराज, सप्तरी, नेपाल

www.sabalnepal.org.np

सबल नेपाल (SABAL NEPAL)

आठौं बार्षिक साधारण सभामा पेश गरेको

## आ.ब. २०६९/०७० को बार्षिक प्रगति प्रतिवेदन

यस कार्यक्रमका अध्यक्षज्यू, यस संस्थाका कार्य समितिका पदाधिकारीज्यूहरु, सहभागी सदस्यज्यूहरु तथा उपस्थित अन्य **महानुभावहरु !**

जकर घरमे चर्पी नै ओकर घर मे शादी नै भन्ने मूल नाराका साथ संचालन रहेको यस संस्थाले गठन भएको बर्ष देखि सरसफाइको क्षेत्रमा आफूलाई अब्बल साहित गर्दै जिल्लाको सरसफाइको अवस्थामा सूधार ल्याउनलाई अग्रमी भूमिका निवार्ह गर्दै आई रहेको यहाहरुलाई अवगत नै छ । स्वच्छ वातावरण, सुरक्षित पिउने पानी, सरसफाइ, स्वच्छता तथा सामाजिक बिकास र जनचेतनामा अभिवृध्दी गर्दै मानिसहरुमा आधारभूत सरसफाइ व्यवहार परिवर्तनमा सुधार ल्याई बर्तमान तथा भविष्यमा मानव जीवनको स्वास्थ्य स्थितीमा सुधार ल्याई देशको लागि आवश्यक सवल, सक्षम तथा कर्मठ जनशक्ती उत्पादन गर्ने उद्देश्यले सम्वन्धित पक्षहरुको खोज अनुसंधान गरी आवश्यक पूर्वाधार तयार गर्ने, विभिन्न परियोजनाहरु सञ्चालन गर्ने उद्देश्य राखी मिति २०६२ साल आश्विन ७ गते जिल्ला प्रशासन कार्यालय सप्तरीमा मुनाफा रहित गैरसरकारी संस्थाको रुपमा दर्ता भएको यो संस्था हाल ९ औं बर्षमा प्रवेश गरेको छ ।

**आदरनीय उपस्थित सजनवृन्द्ध**

यस संस्थाले पाएको कार्यलाई बिगतका दिनमा सफलताका साथ सम्पनन गरेको छ । जसमध्ये तराईको पहिलो सेवा क्षेत्रको रुपमा बिषहरिया गा.बि.स. को दमावति सेवा क्षेत्र खूल्ला दिसा मूक्त क्षेत्र घोषूणा गर्ने तथा मधेशकै पहिलो गा.बि.स.को रुपमा गत बर्ष घोषणा भएको कंचनपूर गा.बि.स.घोषणा गर्ने श्रेय समेत यस संस्थाले पाएको यहाहरुलाई अवगत नै छ । त्यसै गरि जिल्लाका धरमपूर, खोजपूर, रुपनगर र पिप्रा पश्चिम गा.बि.स. समेत यसै बर्ष घोषणा गर्ने तयारिमा रहेको यहाहरुलाई अवगत गराउन चाहन्छु । सिमित श्रोत र साधनका बावजून यस संस्थालाई यहा सम्म पूरयाउन यस संस्थाका सदस्यज्यूहरुको सकारात्मक, सल्लाह, सूझाव, सहयोग एवं समन्वयले गर्दा तथा संस्थामा कार्यरत बिगत र हालका कर्मचारीको महत्वपुर्ण योगदान रहेको छ । तसर्थ म संस्था तथा मेरो ब्यक्तिगत तर्फबाट यहाहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छू ।

त्यसै गरि संस्थालाई यहा सम्म पुरयाउन सहयोग एवं बिश्वास गर्नु हूने हाम्रा सहयोगि दातृ निकायहरु, सरकारी तथा गैर सरकारी संघ/संस्थाहरु, संयुक्त राष्ट्र संघिय नियोगहहरु, जिल्ला प्रशासन कार्यालय, जिल्ला बिकास समितिको कार्यालय सप्तरी, जिल्ला जनस्वास्थ्य कार्यालय सप्तरी, जिल्ला शिक्षा कार्यालय सप्तरी, जिल्ला खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय सप्तरी, जिल्ला घरेलू तथा साना उधोग कार्यालय सप्तरी, बैंकिङ संघ संस्था तथा कार्यालयहरु, संघिय मामिला तथा स्थानीय बिकास मंत्रालय, खानेपानी तथा ढल निकास विभाग, खानेपानी तथा सरसफाइ डिभिजन/सव डिभिजन कार्यालयहरु, गा.बि.स.को कार्यालयहरु, वडा नागरिक मंचका पदाधिकारीहरु, नागरिक सचेतना केन्द्रका पदाधिकारीहरु, स्थानिय समूदायहरु, बिद्यालयहरु, बिभिन्न सरकारी निकायहरु तथा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नु हूने महानुभावहरुलाई समेत संस्था तथा मेरो तर्फबाट हार्दिक कृतज्ञता ब्यक्त गर्दै भविषयमा यहाहरुबाट अझ बढी सहयोग गर्नु हून समेत हार्दिक अनूरोध गर्दछू ।

**आदरनीय सदस्यज्यूहरु !**

सातौ साधारण सभाबाट अनुमोदित बार्षिक कार्यक्रम तथा बिधान द्वारा निर्दिष्ठ कार्य प्रणालि अनुसार आ.ब. २०६९/०७० मा यस संस्थाले सम्पन्न गरेको विभिन्न कार्यक्रमहरुको प्रगति बिवरण यस सभामा पेश गर्न चाहन्छु । आदरनीय सदस्यज्यूहरुले आ-आफ्नो राय तथा सुझाव सहित अनुमोदन गरिदिनहुन अनुरोध गर्दछुं ।

# आ.ब. २०६९/०७० को प्रगति प्रतिवेदन

**आदरनीय सदस्यज्यूहरु !**

सातौ साधारण सभाले मार्ग निर्देशन गरे अनुसार यस संस्थाले विभिन्न निकायहरुबाट प्रस्ताव आहवान भए अनुसार प्रस्तावहरु पेश गरि स्वीकृत भएका र विभिन्न निकायहरुबाट अनुरोध भई आएका परियोजना तथा कार्यक्रमहरु सञ्चालन गरेको थियो । आ.ब. २०६९/०७० मा सञ्चालित ६ वटा परियोजनाहरु मध्ये सवै परियोजनाहरुको सम्झौता बमोजिमको कार्यक्रम सम्पन्न भई फाटवारि समेत सम्बन्धित सवै साझेदार निकायहरुलाई पेश समेत भै सकेको जानकारी गराउदै संचालन भएको परिहयोजनाहरुको संक्षिप्त प्रगति बिवरण समेत तल उल्लेखित रहेको जानकारी गराउन चाहन्छु ।

## *१. स्थानीय शासन तथा सामूदायिक बिकास कार्यक्रम* (LGCDP)

जिल्ला बिकास समिति सप्तरीको सहयोगमा जिल्लाका ६ गा.बि.स.(खोजपुर, जण्डौल, हरिपुर, रौतहट, दौलतपु र रुपनगर) मा तथा राजबिराज नगरपालिका कार्यालयको सहयोगमा राजबिराज नगरपालिकाका ५ वटा वडा(२, ३, ४, ९ र १०)मा यो कार्यक्रम संचालन भएको हो । स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको लक्ष्य समाजका सबै वर्गको सक्रिय संलगनतालाई सक्षम तुल्याउने स्थानीय समुदायद्वारा अगुवाई गरिएको विकास मार्फत समाबेशी स्थानीय लोकतन्त्रको प्रवर्द्धन गर्नु हो । आफ्नो आवश्यकता र प्राथमिकताको बारेमा आवाज उठाउने र प्रभावकारी बनाउन र आफ्नो जीवनमा असर पार्ने निर्णय र गाविसमा गरिने विकासमा प्रभाव पार्नका निम्ति सबै नागरिकको क्षमता अभिवृद्धि गर्ने । यसले नागरिकको आवाजप्रति संवेदाशिल भई उनीहरुको आवश्यकताहरुलाई सम्वोधन गर्न स्थानीय सरकारी निकायलाई दबाव दिइनेछ । योजना तर्जुमा अभ्यास तथा समतामुलक बजेट विनियोजनमा सकारात्मक परिवर्तन ल्याउनका लागि आफ्नो विकासका लागि विद्यमान श्रोत सेवा र अवसर प्राप्त गर्न लैङ्गिक समानता समता र सामाजिक समावेशीकरणवारे सचेतना जगाउनको लागि यो कार्यक्रम लागु गरि समुदायलाई परिचालन गरिएको हो । र यो कार्यक्रम २०६७।६८ देखि जि.बि.स.संग सहकार्यमा संचालन रहेको र २०६८।६९ देखि राजबिराज नगरपालिकासंगको सहकार्यमा संचालनमा रहेकोमा यस आ.व.बाट पहिलो चरणको राष्ट्रिय स्तरबाट कार्यक्रम फेज आउट भएकोले सम्झौता यस आ.व.बाट नहुने समेत जानकारी गराईन्छ । कार्यक्रम संचालन अर्न्तगत निम्नानुसारको कृयाक्लापहरु संचालन मार्फत समाजिक परिचालन गरिएको थियो ।

- ☐ वडा नागरिक मंचबाट माँग गरेका आयोजना र कार्यक्रम
- ☐ माँग गरेका आयोजना र कार्यक्रमको स्वीकृत
- ☐ वडाको बस्तुथिती बिवरणको तयारी
- ☐ बिद्यमान स्थानीय संघसंस्था सेवा प्रदायक तथा समुहको मुल्यांकन
- ☐ बिद्यमान, श्रोत बस्ती स्वरुप, सेवा तथा सुबिधाको पहिचान
- ☐ स्थानिय आवश्यक्ता तथा प्राथमिक्ताको मुल्यांकन
- ☐ लैङीक बिश्लेषण
- ☐ गरिवी, बञ्चीतिकरण र सशक्तिकरण बिश्लेषण
- ☐ बिपन्न समुहका घरधुरी नक्सांकन
- ☐ नागरिक सचेतना केन्द्रको स्थापना
- ☐ नागरिक सचेतना केन्द्रमा कक्षा संचालन
- ☐ नागरिक सचेतना केन्द्रका सदस्यहरुको अवलोकन भ्रमण
- ☐ बिभिन्न स्थानबाट सचेतना केन्द्रको भ्रमण
- ☐ सामाजिक परिचालकहरुलाई पुर्व सेवाकालीन सा.प.तालिम
- ☐ वडा नागरिक मंच तथा सचेतना केन्द्रका प्रतिनिधीहरुलाई अभिमुखिकरण तालिम ।
- ☐ कार्यक्रम शुरु हुनु अघि गठन भएका टोल बिकास संस्था र सामुदायिक संस्थाहरु

**<u>केहि संक्षिप्त उपलब्धिहरु :</u>**

| क्र.सं. | श्रोत | आयोजना वा कार्यक्रमको नाम | यस चौमासिकको भौतिक | | यस चौमासिक सम्मको भौतिक | | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | |
| १ | न.पा./जि.बि.स./L GCDP | तथ्यांक संकलन र अध्यावधि | १५ | १५ | १०० | १०० | २७२६९ |
| २ | न.पा./जि.बि.स./ LGCDP | नागरिक सचेतना केन्द्र संचालन | २५ | ५० | १०० | १०० | १५० |
| ३ | न.पा./जि.बि.स./ LGCDP | नागरिक सचेतना केन्द्रलाई अवलोकन भ्रमण | १०० | १०० | १०० | १०० | ३५ |
| ४ | न.पा./जि.बि.स./ LGCDP | वडा नागरिक मंच, नागरिक सचेतना केन्द्र तथा वडा सतरीय बालक्लबका प्रतिनिधिलाई गा.बि.स. स्तरीय तालिम | १०० | १०० | १०० | १०० | १८० |
| ५ | न.पा./जि.बि.स./ LGCDP | सामाजिक परिचालकलाई तालिम | १०० | १०० | १०० | १०० | ६ |

## *२. सप्तरी जिल्लाका १११ गा.बि.स.तथा १ न.पा.को तथ्यांक संकलन*

जिल्ला खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय सप्तरीको सहयोगमा सप्तरी जिल्लाको सरसफाइको अवस्थालाई झल्काइ भविष्यमा खुल्ला दिसा मुक्त क्षेत्र घोषणा गराउन सजिलो होस भन्ने हेतूले सबल नेपालले स्थानिय शासन तथा सामूदायिक बिकास कार्यक्रम अर्न्तगत खटिएका सामाजिक परिचालकहरुको सहयोगमा जिल्लाका ११४ गा.बि.स.तथा १ न.पा.को तथ्यांक संकलन गरिएको थियो । सप्तरी जिल्लाको संकलीत तथ्यांक अनूसार जिल्लाको तथ्यांक २० प्रतिशत मानिसले मात्र चर्पी प्रयोग गरेको चित्रण गरिएको छ । सप्तरी जिल्लाको संक्षिप्त तथ्यांक निम्नानूसार रहेको छ ।

| **सामान्य बिवरण** | | | **शौचालय** | | | | **पानी** | | | | **चर्पी भएको प्रतिशतमा** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **जम्मा** | **जम्मा जनसंख्या** | **अति बिपन्न** | **स्थायी** | **अस्थायी** | **जम्मा** | **बाकि चर्पी** | **सार्वजनिक** | **ब्यक्तिगत** | **इनार** | **धारा** | |
| १०७७०५ | ६१६०७१ | ५३६६२ | १६८२४ | २७२८ | १९५५२ | ८८१५३ | ६०१९ | ६०२९८ | ५२५ | २७२५ | १८।१५ |

## *३. साक्षर नेपाल अभियान कार्यक्रम*

निरक्षर व्यक्तिहरुलाई नेपाली वा मातृभाषामा लेखिएको शव्द बाक्य, सामान्य लिखत पढ्न, बुझ्न, सामान्य बाक्यमा लिखित अभिव्यक्ति दिन, दैनिक जीवनका लागि आवश्यक व्यवहारिक अंकगणितीय कार्यगर्न र दैनिक व्यवहारिक जीवनयापनका लागि आवश्यक पर्ने कार्यमूलक ज्ञान सीप सिकाउनु साक्षरता कार्यक्रमको उद्देश्य रहेको छ। यो कार्यक्रम कार्यान्वयनमा सहजता, स्पष्टता र एकरुपता ल्याउन निश्चित कार्यान्वयन प्रक्रियाहरु निर्धारण गरिएका छन्। निर्धारित प्रक्रियाहरु अपनाई कार्यक्रम कार्यान्वयन गर्नुपर्ने साक्षरता नेपालको उद्धेश्य रहेको छ। सोहि उद्धेश्य अनुरुप यस सप्तरी जिल्लामा रहेका १८५०० निरक्षर मध्ये प्रस्तावित गा.बि.स.का निरक्षरहरुलाई साक्षर बनाउनका लागि यो परियोजना संचालन गरिएको थियो । परियोजना अनुसार यस संस्थालाई ३ गा.बि.स.मा १३५ कक्षा संचालन गर्नु पर्ने भएकोले सो कक्षा संचालनका लागि ३ महिना सम्म सहयोगी कार्यकर्ता १३५ जनालाई करारमा नियुक्ती दिई सफलता पुर्वक कार्यक्रम समेत संचालन गरिएको थियो ।

**<u>कार्यक्रम संचालन भएको स्थान र समय अवधि:</u>**

सप्तरी जिल्लाका गा.बि.स.खोजपुर, रुपनगर र जण्डौल। २०६९।११।१५ गते देखि २०७०।२।१५ गते सम्म।

## संचालित कृयाक्लाप र उपलब्धी :

- कार्यक्रम लागु भएको ३ गा.बि.स.मा संचालित १३५ कक्षामा ४०५० जना निरक्षरलाई साक्षर बनाईयो ।
- निरक्षरहरु साक्षर भई अनौपचारिक कक्षाको महत्व बुझेर आफनो छोरा छोरीलाई पनी बिद्यालय पठाउने तर्फ अग्रसर भएका छन् ।
- कार्यक्रमले गर्दा महिलाहरुको चेतनामा अभिवृद्धि, खास गरेर चुनाव एवं उनीहरुको आर्थिक सामाजिक अधिकारको वारेमा थप मद्धत मिलेको छ । यसले गर्दा उनीहरुको आफनो छवी एवं व्यवहारमा परिवर्तन आएको छ ।
- साक्षर भएका केहि महिलाहरुले आफै बचत तथा ऋण समुह गठन गरि संचालन गर्ने तयारीमा रहेका छन ।
- साक्षर भएकाहरु घरेलु हिंसा, जुवा, बालबिवाह, रक्सी, बेचबिखन आदि बिरुद्ध आवाज उठाउन सक्षम भएका छन् ।
- साक्षरहरु स्थनिय श्रोत साधनलाई स्थानिय तहमा प्रयोग गर्न सक्षम भएका छन ।

| क्र.सं. | गा.बि.स | महिला निरक्षर | पुरुष निरक्षर | जम्मा निरक्षर संख्या | कार्यक्रम पछिको परिवतन | |
|---|---|---|---|---|---|---|
| | | | | | साक्षर भएको | निरक्षर |
| १ | खोजपुर | १४५२ | १३० | १५८२ | १४८० | १०२ |
| २ | रुपनगर | १२६६ | २३८ | १५०४ | १३९५ | १०९ |
| ३ | जण्डौल | १४५२ | ८४ | १५३६ | १५१० | २६ |
| | **कुल जम्मा** | **४१७०** | **४५२** | **४६२२** | **४३८५** | **२३७** |

### *४. राजबिराज नगरपालिका खूल्ला दिसा मूक्त क्षेत्र घोषणा कार्यक्रम*

नेपाल सरकारको सन् २०१७ सम्ममा आधारभूत सरसफाइमा शत प्रतिशत पहूंच पुर्‍याउने राष्ट्रिय लक्ष प्राप्त गर्ने उद्देश्यले राजबिराज नगरपालिका र संघिय मामिला तथा स्थानीय बिकास मंत्रालयको सहयोगमा सबल नेपाल राजबिराजले बिगतमा राजबिराज नगरपालिका वडा नं. २ र १० लाई खूल्ला दिसा मूक्त क्षेत्र घोषणा गरिसकेको अवस्था छ सोहि अनूरुप २०१४ भित्र राजबिराज नगरपालिकालाई खूल्ला दिसा मूक्त क्षेत्र घोषणा गर्ने अभियान अर्न्तगत यस आ.व.पनी सबल नेपालले राजबिराज नगरपालिका वडा नं. ७ र ८ मा एक घर एक चर्पी कार्यक्रम अर्न्तगत चर्पी नभएका घरधूरीमा चर्पी निर्माण कार्य गरिएको थियो । कार्यक्रम अर्न्तगत ४०५ घरमा सामूदायिक चर्पी समेत निर्माण भएको थियो । यस अघि राजबिराज नगरपालिका वडा नं. ५ मा ४४५ घरधूरीमा सामूदायिक शौचालय निर्माण गरि तथा वडा नं. १० मा ५२५ थान शौचालय निर्माण गरि खूल्ला दिसा मूक्त क्षेत्र समेत घोषणा गरिएको थियो । यस बर्ष समेत वडा नं. ७ र ८ लाई खूल्ला दिसा मूक्त क्षेत्र घोषणा गर्ने लक्ष्य भएता पनी उक्त वडाहरुमा सकूम्वासि बस्ती बढि भएकोले सरसफाइ गुरु योजना अनूसार सो क्षेत्रमा सूामदायिक शौचालय निर्माण गर्न नमिल्ने हूनाले उक्त वडाहरुलाई घोषणा गर्न कठिनाई भएको हो । सो समस्यालाई सामाधान गर्न राजबिराज नगरपालिका, वडा नागरिक मंच र सरोकारबाला बिच बैठक तथा समन्वय गरि अगामी बर्षमै राजबिराज नगरपालिकालाई खूल्ला दिसा मूक्त क्षेत्र घोषणा गर्ने यस संस्थाको लक्ष्य रहेको छ ।

### *५. मासू हाटमा बायोग्यास सहितको शौचालय निर्माण कार्यक्रम*

राजबिराज नगरपालिका कार्यालयको सहयोगमा यस संस्थाद्धारा मासू हाटमा बायोग्यास सहितको शौचालय निर्माण कार्य सम्पन्न भएको छ । हाट बजार, माछा हाट तथा मासू हाट जोडिएर रहेको उक्त निर्माणाधिन स्थानमा दैनिक अधिक मात्रामा फोहोर संकलन हूने तथा नगरका बासिन्दालाई पनी दूर्घन्धले गर्दा कठिनाई

हूने हूनाले उक्त स्थानमा बायोग्यास सहितको शौचालय निर्माणको परिकल्पना सहितको निर्माण कार्य गरिएको हो । निर्माण अर्न्तगत २५ रेक्टरको बायोग्यास निर्माण गरिएको उक्त स्थान हाल हाटबजार, माछा तथा मासू हाटबाट संकलन हूने फोहोरलाई संकलीत गरि मासू हाटमा उक्त फोहोरबाट निस्केको बायोग्यासलाई प्रयोग गरिदै आईरहेको अवस्था छ । शौचालय अर्न्तगत महिला तथा पूरुषलाई बेग्ला बेग्लै सूबिधा रहेको छ । एक पटकमा महिला तथा पुरुष तर्फ गरि पिसाव गर्न १४ जना तथा दिसा गर्न २ जना जाने शौचालय निर्माण भएको छ भने हात धूने सूबिधाको लागि २ थान बेसिन चौबिसै घण्टा सावून पानीको सूबिधा सहित उपलब्ध गराईएको छ । हाल उक्त शौचालय र रुपनी बसपार्कमा रहेको सार्वजनिक शौचालय समेत राजबिराज नगरपालिकासंगको सहकार्यमा यस संस्थाद्धारा संचालनमा रहेको छ ।

## *६. खानेपानी तथा सरसफाइ कार्यक्रम*

जिल्ला बिकास समिति सप्तरी तथा यूनिसेफको सहयोगमा १२ गा.बि.स.मा सम्झौता अनूरुप खानेपानी तथा सरसफाइ कार्यक्रम अर्न्तगत कृयाकलापहरु संचालन गरि सम्पन्न गरियो । कार्यक्रम अर्न्तगत यूनिसेफ र जि.बि.स.सप्तरीसंग २ वटा सम्झौता भएको थियो । पहिलो सम्झौता अनूरुप जनचेतना मूलक कार्यक्रम रहेको थियो भने दोश्रो सम्झौता अनूसार निर्माण कार्य रहेको थियो । दोश्रो सम्झौता अनूरुप यस बर्ष यूनिसेफले १०० थान ट्यूवेल यूनिसेफबाट नै खरि गरि गा.बि.स.मा बित्तरण गर्न पठाईएको थियो भने यस संस्थाले जडान र प्रत्येक ट्यूवेलमा प्लेटफार्मको निर्माण कार्य गरेको थियो भने पहिलो सम्झौता अनूरुप नेपाल सरकारले सन २०१७ सम्म नेपाललाई खूल्ला दिसा मूक्त क्षेत्र घोषणा गर्ने लक्ष्य अनूरुप यस संस्थाले कार्यक्रम संचालीत १२ गा.बि.स.मा ४५०० शौचालय निर्माण गरेको तथा गा.बि.स.खोजपूर, धरमपूर, रुपनगर र पिप्रा पश्चिमलाई यसै बर्ष खूल्ला दिसा मूक्त क्षेत्र घोषणा गर्ने अवस्थामा समेत पूगाएको अवस्था छ । त्यसै गरि गत बर्ष घोषणा गरिएको गा.बि.स.कंचनपूरमा पूर्ण सरसफाइ गतिविधी अर्न्तगत समेत संस्थाद्धारा कार्य गरिएको जानकारी गराईन्छ ।

**<u>संचालित मूख्य कृयाक्लाप र उपलब्धि :</u>**

| **कृयाक्लाप** | **उपलब्धि** |
|---|---|
| अगुवा कार्यकर्ता र बाल क्लवलाई संचालन | ५००० भन्दा बढी मानिसले सहि तरिकाले हात्त धुने बिधि तथा चर्पीको आवश्यक्र वारे प्रवधनात्मक बिधि मार्फत जानकारी भएको र हाल उनीहरु बिद्यालय तथा समुदायमा सरसफाइ वारे जनचेतना फैलाई रहेका छन । |
| स्थानिय भाषामा स्थानिय रेडियो तथा एफ तथा पत्रिकामा सरसफाइ सम्बन्धि चेतना मुलक प्रचार प्रसार | समुदायको व्यवहार परिवर्तनका लागि स्थानिय एफ र पत्रपत्रिकाले सरसफाइका प्रचार प्रसार गरेकोले उनीहरुको व्यवहारमा समेत परिवर्तन आएको छ। |
| मिस्त्री तालिम | ४० (२८ पुरुष/१२ महिला जसमध्ये ६ जना दलित महिला स्थानिय स्तरको शौचालय निर्माण वारे दक्ष भएको र हाल उनीहरु आ-आफनो समुदायमा चर्पी निर्माणका लागि प्रोत्साहित गर्दै आई रहेका छज । |
| गरिव बस्तीमा ट्युवेल जडान कार्यक्रम | १०० थान ट्युवेल जडानले गर्दा ५४७१ जना पिछडिएका मानिसहरुको सुरक्षित पानीमाथी सहज पहुच भएको । उक्त ट्युवेलहरु स्थानिय सहजकर्ताको सिफरिशको आधारमा रुपनगर, बकधुवा, बोरिया, नर्घो, ईनरुवा फुलवडिया र इटहरि बिषनपुर गा.बि.स.मा बित्तरण गरिएको हो। |
| डिवासिसि मिटिङलाई सहयाग | डिवासिसिको लागि खाजा तथा स्टेश्नरी खर्च वापत सहयोग गरिएको |
| खुल्ला दिसा मुक्त क्षेत्र घोषणको लागि सहयोग गर्ने | कार्यक्रम संचालन भएको गा.बि.स.को शौचालय निर्माण वारे दैनिक प्रतिवेदन तयार पाने र के कति कारणले चर्पी बनाउन नसकेको हो सो को जानकारी समुदाय, गा.बि.स, सबल, जि.बि.स संग छलफल गरि डिवासिसिको बैठकमा सबल नेपालद्धारा पेश गरिएको। |
| भिवासिसिको निरन्तर बैठकको लागि सहयोग तथा पहल गर्ने | <u>१२ गा.बि.स.बाट जम्मा २२५ (पुरुष १०८ र महिला ११७ जसमध्ये ७३ जना बिपन्न बस्तीबाट ) सहभागि भएको उक्त कार्यक्रममा गा.बि.स.मा गठन भएको भिवासिसि लाई सिएफएलजी, एलजिसिडी र सरसफाइको अवस्थाबारे छलफल गरि कार्ययोजना निर्माण गरि कार्य गरियो।</u> |

### ७. एम्बूलेन्स तथा तालिम हल संचालन

राजबिराज जेसिजको सहकार्यमा संचालित जेसिज तालिम हाल तथा राजबिराज नगरपालिकासंगको सहकार्यमा संचालित एम्बूलेन्स सेवा संस्थाको प्रमूख आय रहेको जानकरी गराउन चाहन्छू । संस्थाले राजबिराज जेसिज संग लिजमा सो तालिम हाल बिगत ५ बर्ष देखि संचालन रहेको यहालाई जानकारी गराउन चाहन्छू । सो तालिम हाल यस बर्ष २६७ दिन संचालनमा रहेको यहाहरुलाई जानकारी गराउन चाहन्छू । त्यसै गरि राजबिराज नगरपालिका संग भारतिय राजदूतावासद्धारा सहयोगमा दिएको एम्बूलेन्स फयाकिएको अवस्थामा रहेकोमा सो एम्बूलेन्स यस संस्थाले यस बर्षबाट पून निर्माण गरि संचालनमा ल्याएको छ र यस एम्बूलेन्सले जिल्लाका जनताहरुलाई सेवा दिई रहेको समेत जानकारी यहाहरुलाई गराउन चाहन्छू ।

### ८. सूचना, शिक्षा र संचार सामाग्रीहरुको विकास तथा प्रचार

संस्थाले बिभिन्न कार्यक्रम संचालनका लागि प्राप्त हूने स्टेश्नरी वापतको रकमलाई सूचना, शिक्षा र संचारकोका विभिन्न सामाग्री अन्तर्गत संस्थाले चर्पीका प्रकारहरु, झाडापखालाबाट बच्ने उपाय, दिसा मुखमा पर्ने माध्यम र रोक्ने उपाय, चर्पीको महत्व, खानेपानी शुद्धिकरणका घरेलु बिधिहरु आदि सम्वन्धि ब्रोचर, पात्रो, कापी, डटपेन आदि छपाई समुदाय र सरोकारवालाहरुलाई वितरण गरेको थियो । त्यस्तै समुदायमा आम-सचेतना अभिवृद्धी र व्यवहार परिवर्तन गर्न संस्थाको योजना क्षेत्रका विभिन्न स्थानमा होर्डिङ्गबोर्ड, फ्लेक्स स्थापना गर्ने र भित्ते लेखन गर्ने काम समेत संस्थाले गरेको थियो ।

### ९. मानव शंसाधन व्यवस्थापन

संस्थामा उपलव्ध मानविय श्रोतलाई उच्चतम प्रयोग गर्ने रणनीति संस्थाको रहेता पनि विभिन्न परियोजनालाई त्यसको प्रकृती अनुरुप आवश्यक मानविय श्रोत संस्थाको सम्पर्कमा (Roster) मा रहेका व्यक्तीहरु वा बिज्ञापन आह्वान गरी संस्थाको प्रशासनिक नियमको अधिनमा रहि लिखित वा अन्तर्वाता अथवा दुवै परिक्षाको माध्यमबाट आवश्यक जनशक्ती आपूर्ति गर्ने गरिएको छ ।

हाल संस्थामा परियोजना तर्फ ११ जना, लेखा तथा प्रशासन तर्फ १ जना, समाजिक बिकास अधिकारी १ जना, सिभिल ईन्जिनियर १ जना, स्टोर किपर १ जना, ड्राईभर १ जना, कार्यालय सहयोगी १ जना र निर्देशक १ जना रहेको छन भने अन्य विज्ञ जनशक्ती तथा श्रोत व्यक्तीहरु आवश्यकता अनुसार छोटो समयको अन्य संस्थाबाट बोलाईने गरिन्छ ।

### १०. तालिम, गोष्ठि तथा बैठकहरुमा सहभागिता

तालिम तथा गोष्ठिहरु कर्मचारीहरुको क्षमता अभिवृद्धी गर्ने एउटा प्रमूख माध्यम भएको हुनाले विगतमा जस्तै गत बर्ष पनि संस्थाका केही कर्मचारीहरुले विभिन्न संस्था तथा निकायहरुले सञ्चालन गरेको तालिम तथा गोष्ठिहरुमा सहभागिता जनाएको थियो । त्यस्तै संस्थाका कर्मचारीहरु र कार्य समितिका पदाधिकारीहरु राष्ट्रिय, क्षेत्रीय तथा जिल्ला स्तरका सरोकारवालाहरुले आमन्त्रण गरे अनुरुप विभिन्न बैठकहरुमा अर्थपूर्ण सहभागिता जनाउनु भएको थियो ।

### ११. सदस्यता

यस संस्था बिगत देखि नै जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको सदस्य रहेको छ । प्रकोप न्यूनीकरण समिति सप्तरीको समेत सदस्य रहेको छ भने सप्तरी जिल्ला क्रिकेट संघको आमन्त्रीत सदस्य तथा जिल्ला बालमैत्री स्थानीय शासन र राजबिराज नगरपालिका समन्वय समितिको समेत सदस्य रहेको छ ।

### १२. संस्थाको कार्यालय

यस संस्थाको कार्यालय सप्तरी जिल्ला राजबिराज नगरपालिका कार्यालयको मातहतमा रहेको नगर सूचना केन्द्र तथा लेखनाथ आर्दश पूस्तकालयको भवनमा यस संस्थाको केन्द्रिय कार्यालय रहेको छ । भविष्यमा यस

संस्थाद्धारा सिरहाको लहान, उदयपूरको गाईघाट, सूनसरीको ईनरुवा र मोरंगको बिराटनगरमा शाखा संचालन गरि सामाजिक बिकासको कार्य संचालन गर्ने समेत लक्ष्य रहेको छ ।

### *१३. संस्थाको कार्यालयहरुमा संचार व्यवस्थापन*

संस्थाले हाल केन्द्रिय कार्यालयमा छिटो छरितो संचार तथा कार्य होस भने हेतूले कार्यालयमा २ कम्पूटर तथा अधिकृत स्तरका कर्मचारीहरुलाई ४ थान ल्यापटपको समेत व्यवस्था गरिएको छ । दूर संचार संस्थानले उपलब्ध गराएको टेलिफोन तथा फयाक्स संचालनमा रहेको छ । संस्थाको टेलिफोन नं. ०३१५२३४४१ रहेको छ । त्यसै गरि संस्थाले Subusi कम्पनीको WI-FI ईन्टरनेट ५१२ MBPS स्पीडको सूबिधा समेत उपलब्ध गराईएको छ । त्यसै गरि संस्थाको लागि आवशयक अन्य सामाग्रिहरु प्रिन्टर, फोटोकपी, स्क्यानर, क्यामेरा तथा अन्य सामाग्री यस संस्थामा आवश्यक्ता अनूसार उपलब्ध रहेको अवस्था छ । संस्थाले बिगत ३ बर्ष देखि आफनो Website समेत संचालन गर्दै आएकोमा यस बर्ष समेत सो Website लाई निरन्तरता दिएको छ । संस्थाको Website हाल www.sabalnepal.org.np रहेको छ भने । E-mail domin: info@sabalnepal.org.np रहेको छ ।

## आ.ब. २०७०/०७१ को प्रस्तावित कार्यक्रमहरु

**आदरनीय सदस्यज्यूहरु,**
संस्थाको बिगतको अनुभव, लगनशिलता तथा बिश्वसनीयता र कुशल व्यवस्थापनले आ.ब. २०६९/०७० संतोषजनक रहयो, त्यहि हिसाबले हेर्दा आगामि आ.ब. समेत उपलब्धिमूलक हुनेछ भनेर आशा गर्ने ठाउं देखिन्छ । अब म आगामि आर्थिक बर्ष २०७०/०७१ को लागि यस संस्थाको प्रस्ताबित नयां कार्यक्रमहरु पेश गर्न चाहन्छु ।

संस्थाको अहिलेको मूख्य लक्ष भनेको नेपाल सरकारको २०१७ सम्ममा आधारभूत सरसफाइमा शतप्रतिशत पहूंच पुऱ्याउने राष्ट्रिय लक्षलाइ सहयोग गर्नु रहेको छ, जस मध्ये तराईको अवस्था हेर्ने हो भने अझ डर लाग्दो रहेको छ । तराईमा हाल पनी १५ प्रतिशतको मात्र सरसफाइमा पहूच रहेको छ भने सप्तरीमा हामीले संकलन गरेको तथ्यांक अनूसार २० प्रतिशत रहेको अवस्था छ । जिल्लाको प्रमूख संस्थाको रुपमा रहेको यस संस्थाको सरसफाइको क्षेत्रमा महत्वपूर्ण भूमिका हूने भएकोले जिल्लाको तथ्यांक अनूसार २० प्रतिशतको मात्र पहूंच रहेको अवस्थामा आगामी ४ बर्ष भित्र ८० प्रतिशत वृद्धी गर्नु हामि सबैको लागि चुनौतीको रुपमा रहेको छ र हामिले कुनै पनि हालतमा यो लक्ष प्राप्त गर्नु पर्ने छ, जसको लागि संस्थाले आगामी बर्षको कार्यक्रममा बिशेषत यही क्षेत्रलाई लक्षित गरी कार्यक्रम तर्जुमा गर्ने जमर्को गरिएको छ ।

### *क. प्रस्तावित नयां कार्यक्रमहरु निम्नानूसारको रहेको छ :*

१. सेभ द चिल्ड्रेनले प्रस्ताव आवहन गरे अनूसार यस संस्थाले पनी प्रारम्भिक बालबिकास तथा बिद्यालय स्तरीय स्वास्थ्य शिक्षा कार्यक्रम संचालनको लागि इन्छापत्र पेश गरेको छ । उक्त संस्थासंग अगामी दिनमा कार्यक्रम संचालन गर्ने संस्थाको लक्ष्य रहेको छ ।

२. राजबिराज नगरपालिका र संघिय मामिला तथा स्थानीय बिकास मंत्रालयको सहयोगमा राजबिराज नगरपालिका खूल्ला दिसा मूक्त क्षेत्र घोषणा गर्ने कार्य यसै बर्ष पनी निरन्तरता दिने यस संस्थाको लक्ष्य रहेको छ ।

३. बिभिन्न गा.बि.स.हरुसंगको सहकार्यमा गा.बि.स.लाई खूल्ला दिसा मूक्त क्षेत्र घोषण गर्न लक्षीत बर्ग अर्न्तगतको बजेटलाई सदूपयोग गर्दै सामूदायिक चर्पी निर्माण कार्यलाई प्रभावकारीताका साथ संचालन गर्ने यस संस्थाको लक्ष्य रहेको छ ।

४. यूनिसेफसंगको सहकार्यमा संचालित खानेपानी तथा सरसफाइ कार्यक्रम संचालनका लागि यस बर्ष पनी निरन्तरता दिने यस संस्थाको लक्ष्य रहेको छ ।

५. जिल्ला सरसफाइ स्वच्छता समन्वय समिति तथा जिल्ला खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयसंगको सहकार्यमा जिल्लाका बिभिन्न गा.बि.स.लाई खूल्ला दिसा मूक्त क्षेत्र घोषणा गर्नलाई पहल गर्ने यस संस्थाको लक्ष्य रहेको छ ।

६. जिल्लाका कम्तीमा ६ गा.बि.स.गा.बि.स.मा सरसफाइ पसल यस आ.व.मा खोल्ने यस संस्थाको लक्ष्य रहेको छ ।

अध्यक्ष
सबल नेपाल (SABAL NEPAL)